माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

# ५४ औं कार्यपालिका बैठकका निर्णयहरु

१) माडी नगरपालिकाले विगतमा साना किसान सहकारी संस्थालाई कृषक प्रोत्साहनका लागी प्रदान गरेको रकम फिर्ताका लागी तत्काल प्रक्रिया अगाडी बढाउने । यस कार्यमा सम्बन्धित समिति जिम्मेवार बन्ने ।

२) नगरपालिकामा रहेका सवारी साधनहरुको सुव्यवस्थित संचालनका लागी यातायात समितिको सक्रियता बढाउँने । समितिले आफ्नो मासिक कार्यसम्पादन प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।

३) यस नगर कार्यपालिकाको कार्यलय वा अन्तर्गत दैनिक ज्यालादारीमा कार्यरत श्रमिकहरुलाई सेवा करारमा राख्ने सम्बन्धमा थप अध्ययन गर्न आवश्यक देखिएकाले थप अध्ययन गरी सिफारिस पेश गर्न कार्यपालिकाका सम्पूर्ण विषयगत समितिका संयोजक सम्मिलित ५ सदस्यिय कार्यदललाई १५ दिनको समयावधी प्रदान गर्ने ।

४) पर्यटन बोर्ड, खेलकुद विकास समिति र सिंचाई तथा खानेपानी समिति गठन, संचालन तथा व्यवस्थापनका लागी कार्यविधि कानुन तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

५) यस आर्थिक वर्षमा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना सम्झौता भाद्र मसान्त भित्र सम्पन्न गर्ने । उल्लिखित समयमा सम्झौता हुन नसकेमा अन्य खरिद विधि अवलम्बन गरी निर्धारित समयमा कार्य सम्पन्न गर्ने ।

६) रिउ करिडोर निर्माणको सुरुवातयस पालिकाको रिउ नदिको प्रारम्भिक स्थान प्याउली तर्फवाट गर्न सम्बन्धित निकायमा पत्राचार एवं अन्य आवश्यक समन्वय गर्ने ।

७) यस नगरपालिकाले संरक्षण गर्नुपर्ने जग्गा र नगरपालिकाको लगानीमा निर्मित संरचनावाट नगरपालिकाले प्राप्त गर्नुपर्ने आम्दानी र विगतका आय ठेक्कावाट प्राप्त गर्नु पर्ने रकम एकिन गरी कानून बमोजिम रकम भुक्तानी गर्न सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई पत्राचार गर्ने ।

८) माडी नगरपालिकाको नगर अस्पतालका रुपमा रहेको वडा नं. ३ मा अवस्थित बघौडा अस्पतालको भवन नभएको हुँदा सुविधासम्पन्न पूर्वाधार सहितको भवन निर्माणका लागि नेपाल स्थित भारतीय राजदुतावास मार्फत् भारत सरकारसँग अनुरोध गर्ने ।

मिति २०८२/४/३०

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काजी महतो
नगर प्रमुख

CamScanner